प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, पाँचथर

कोशी प्रदेश, नेपाल

प.सं.- २०८०/०८१
च.नः- 83

मितिः २०८०/०७/१७

बिषयः- सूचनाको हक सम्बन्धि मासिक तथा त्रैमासिक स्वतः प्रकाशन सम्बन्धमा ।

श्री जिल्ला हुलाक कार्यालय,
पाँचथर ।

प्रस्तुत बिषयमा सूचनाको हक सम्बन्धि ऐन कार्यन्वयन र अनुगमन सम्बन्धि कार्यबिधि २०७१ बमोजिम २०८० को सूचनाको त्रैमासिक प्रतिबेदन, मिति २०८० श्रावण १ गते देखि आश्विन मसान्तसम्म सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ५ को उपदफा (३) सम्बन्धि त्रैमासिक स्वतः प्रकाशित सूचना यसै पत्रसाथ संलग्न राखि पठाइएको ब्यहोरा अनुरोध छ ।

बोधार्थ
जिल्ला प्रशासन कार्यालय,
पाँचथरः जानकारीको लागि अनुरोध छ ।

महेश कुमार चौधरी
महेश कुमार चौधरी
निमित्त प्रमुख

प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, पाँचथर

कोशी प्रदेश, नेपाल

प.सं.- २०८०/०८१

च.नः-

मितिः-२०८०/०७/१५

**बिषयः- सूचनाको हक सम्बन्धि मासिक तथा त्रैमासिक स्वतः प्रकाशन सम्बन्धमा ।**

सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ५ को उपदफा (३) ले ब्यवस्था गरेको निर्धारित बिषयमा यस कृषि ज्ञान केन्द्र पाँचथरको २०८० साल साउन १ गते देखि असोज मसान्त सम्मको सूचनाको अध्यवधिक बिवरण देहाय अनुसार रहेको ब्यहोरा जानकारी गरिएको छ ।

देहायः

| क्र.सं. | संक्षिप्त बिवरण | |
|---|---|---|
| १ | निकायको स्वरुप र प्रकृति | प्रदेश सरकार अन्तर्गत पाँचथर जिल्ला भित्र हेर्ने गरी प्राबिधिक प्रकृतिका कृषिसेवासँग सम्बन्धित सेवामुलक गतिबिधि संचालन गर्ने जिल्ला स्तरिय सरकारी निकाय । |
| २ | निकायको काम कर्तव्य र बधिकार | ❖ पाँचथर जिल्लामा रहि प्रदेश सरकारको कृषि बिकास कार्यक्रमसंचालनका लागि प्रदेश सरकारको कृषि बिकास कार्यक्रम कार्यन्वयन ईकाइको रुपमा काम गर्ने ।<br>❖ स्थानिय समस्या आधारित स-साना अध्यन परिक्षण तथा भ्यालिडेशन परिक्षण संचालन गर्ने ।<br>❖ स्थानिय तहसँग समन्वय गरी कृषि सम्बन्धि तथ्याङ्क संकलन तथा सम्प्रेशन गर्ने ।<br>❖ बिभिन्न वालिहरुको अवस्था नियमित अनुगमन गरी मासिक रुपमा मौसमी प्रतिबेदन तथा प्राकृतिक प्रकोप, मौषम प्रतिकुलता आदीबाट देखापर्ने समस्याको क्षतिको विवरण संकला तथा सम्प्रेशन गर्ने ।<br>❖ बिषादी, बिउ, बिजन, रासयनिक तथा प्राङ्गारीक मलको गुणस्तर अनुगमन तथा आपुर्ति ब्यवस्था बारे नियमित अनुगमन तथा समन्वय गर्ने ।<br>❖ माटो तथा मल, वालीसंरक्षण र वीउबिजन परिक्षण सम्बन्धि सामान्य प्रयोगशाला सेवा संचालन गर्ने ।<br>❖ ब्यवसायिक कृषक र ब्यवसायिहरुको लागि कृषि सँग सम्बन्धि तालिम संचालन गर्ने ।<br>❖ स्थानिय तहको क्षमताले नभ्याउने प्रकृतिका बिशेषज्ञ प्राबिधिक सेवा टेवा प्रादन गर्ने ।<br>❖ स्थानिय किसान, कृषि उद्यमि तथा कृषि प्राबिधिका लागि नविनतम कृषि प्रबिधिका श्रब्यदृश्य लगायतका प्रचार प्रसार र जानकारीमुलक सामाग्री उपलब्ध गराउन सूचना केन्द्रको रुपमा कार्य गर्ने । |

महेश कुमार चौधरी

<table>
<tr>
<td></td>
<td></td>
<td>

❖ स्थानिय कृषि जैबिक बिविधताको पहिचान, संरक्षण र उपयोग सम्बन्धि कार्यक्रमहरु संचालन गर्ने ।<br>
❖ नेपाल कृषि अनुषन्धान परिषदको बाह्य अनुषन्धान कार्यक्रममा समन्वय र सहयोग पुर्याउने ।<br>
❖ बीउ बिजन तथा उन्नत नश्लको लागि स्रोतकेन्द्र बिकासमा सहयोग गर्ने ।<br>
❖ प्रदेशमा संचालित संघिय कृषि बिकास कार्यक्रम कार्यन्वयन, समन्वय तथा सहजिकरण गर्ने ।<br>
❖ कृषि स्नातक तथा जे.टी./ जे.टी.ए. कृषि अध्यनरत बिद्यार्थीहरुकालागि इन्टर्नसिप कार्यक्रम संचालनमा सहयोग गर्ने ।<br>
❖ कृषि उद्यम तथा ब्यवसाय संचालन गर्न चाहनेहरुको लागि ब्यवसाय बिकास सेवा उपलब्ध गराउने ।<br>
❖ वाली बिमा तथा सहुलियत ब्याज दरको कृषि कर्जा कार्यक्रम कार्यन्वयनमा समन्वय तथा सहजिकरण गर्ने ।<br>
❖ महमारी र प्राकृतिक प्रकोपका कारण भएको कृषि धनको क्षति विवरण संकलन तथा क्षतिपुर्ति, राहत र पुनस्थापनाका कार्यहरु गर्ने/ गराउने ।<br>
❖ समग्र कृषि बिकासको बिषयमा प्रदेश र स्थानिय तहबिच समन्वयको काम गर्ने ।<br>
❖ कृषि क्षेत्रसँग सम्बन्धित ऐन, कानुन, नीति तथा नियमले श्रृजना गरेका कानुनी दाइत्वहरु निर्वाह गर्ने तथा सो कार्यमा आवश्यक सहयोग गर्ने ।

</td>
</tr>
<tr>
<td>३</td>
<td>निकायमा रहने कर्मचारीको संख्या दरबन्दी अनुसार</td>
<td>
<table>
<tr><th>क्र.सं.</th><th>पद/तह</th><th>स्वीकृत दरवन्दी</th><th>पदपुर्ति</th><th>रिक्त</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>अधिकृत स्तर नवौं</td><td>१</td><td>0</td><td>१</td><td></td></tr>
<tr><td>२</td><td>अधिकृत स्तर सातौं (प्राविधिक)</td><td>६</td><td>२</td><td>४</td><td></td></tr>
<tr><td>४</td><td>सहायक स्तर पाचौं ( लेखा/ प्रशासन)</td><td>१</td><td>0</td><td>१</td><td></td></tr>
<tr><td>५</td><td>अधिकृतस्तर छैटौं प्राविधिक)</td><td>३</td><td>३</td><td>0</td><td></td></tr>
<tr><td>६</td><td>सहायक स्तर पाँचौ (प्रशासन)</td><td>१</td><td>0</td><td>१</td><td></td></tr>
<tr><td>७</td><td>हलुका सवारी चालक</td><td>१</td><td>१</td><td>0</td><td></td></tr>
<tr><td>८</td><td>कार्यालय सहयोगी</td><td>२</td><td>२</td><td>0</td><td></td></tr>
<tr><td>जम्मा</td><td></td><td>१५</td><td>७</td><td>८</td><td></td></tr>
</table>
</td>
</tr>
<tr>
<td>४</td>
<td>निकायबाट प्रदान गरिने सेवा</td>
<td>वालि बिरुवाको रोग किरा पहिचान तथा वाली उपचार, माटो परिक्षण, खेति प्रबिधि तालिम प्रशोधन पोष्टहार्भेष्ट तथा ग्रेडिङ्ग प्याकेजिङ्ग लेवलिङ्ग सम्बन्धि कृषि सेवा तालिम बिशिष्टिकृत सेवा प्रवाह गर्न</td>
</tr>
<tr>
<td>५</td>
<td>सेवा प्रदान गर्ने निकायको शाखा/फाँट र जिम्मेवार अधिकारी</td>
<td>

<u>कृषि ज्ञान केन्द्र पाँचथर अन्तर्गत</u><br>
१. बिशेषज्ञ सेवा शाखाः अधिकृतस्तर सातौं श्री सुन्दर गरुङ्ग<br>
२. तालिम तथा प्रसार शाखाः अधिकृतस्तर सातौं श्री सुन्दर गरुङ्ग<br>
३. अध्ययन परिक्षण तथा तथ्यांक शाखाः अधिकृतस्तर छैटौं श्री केशर बहादुर मंराती<br>
४. प्रशासन शाखाः अधिकृतस्तर छैटौं श्री केदार धिताल<br>
५.आर्थिक प्रशासन शाखाः श्री याम बहादुर लुईटेल (प्रदेश लेखा ईकाइ कार्यालय पाँचथर)

</td>
</tr>
</table>

महेश कुमार चौधरी

| | | |
|---|---|---|
| ६ | निर्णय गर्ने प्रक्रिया र अधिकारी | कायालयको मासिक नियमित बैठक तथा जिल्ला स्तरिय अनुदान कार्यक्रमा जिल्लास्तरिय अनुदानग्रही छनौटसमितिको निर्णय तथा ज्ञान केन्द्रका प्रमुख । |
| ७ | निर्णय उपर उजुरी सुन्ने अधिकारी | कृषि ज्ञान केन्द्रका प्रमुख । |
| ८ | सम्पादन गरेको कामको बिवरण | सम्पादन गरिएका कामको बिवरण देहाय बमोजिम रहेको छ । |
| ९ | सूचना अधिकारी | अधिकृत केशर बहादुर मंराती |
| १० | कार्यालय प्रमुख | कार्यालय प्रमुख महेश कुमार चौधरी |
| ११ | ऐन नियम र निर्देशिकाको सूचि | माटो परिक्षण शिबिर संचालन कार्यबिधि २०७५, वालि उपचार शिबिर संचालन कार्यबिधि २०७५, जैविक बानस्पतिक बिषादी प्रयोग तथा बिस्तार कार्यबिधि २०७५, कृषक पाठशाला संचालन कार्यबिधि २०७५, माटो परिक्षण मिनिल्याव स्थापना तथा सुदृढीकरण कार्यक्रम कार्यबिधि २०७६, सौर्य उर्जा प्रणाली तथा लिफ्ट सिंचाई प्रणालि अनुदान कार्यक्रम कार्यबिधि २०७६, कृषि यान्त्रिकरण अनुदान परिचालन २०७६कार्यन्वयन गर्ने सम्बन्ध भएको निर्णय, कृषि ब्यवसाय प्रवर्द्धन अनुदान कार्यबिधि -२०७६, पहिलो संशोधन २०७७/१२/११, प्रदेश कृषि ब्यवसाय प्रवर्द्धन नियमावली २०७८, प्रदेश कृषि ब्यवसाय प्रवर्द्धन ऐन २०७७, र नियमावली २०७८, प्रदेश कृषि ब्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड २०७८, माथि उल्लेखित कार्यबिधि तथा निर्देशिका सम्बन्धि थप जानकारीकी लागि htt://molmac.p1.gov.np/, https://doad.p1.gov.np, https://panchthar.akc.gov.np |

## आ.व.२०८०/०८१ को बार्षिक कृषि बिकास, अनिबार्य दाइत्व सृजना तथा संघ ससर्त कार्यक्रमको बजेट

| पाँचथर जिल्लाको आ.व. २०८०/०८१ को वार्षिक कार्यक्रमको बिवरण | | | | बजेट रु (लाखमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | विवरण | इकाई | वार्षिक लक्ष्य परिमाण | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | वार्षिक जम्मा |
| १ | व्यावसायिक फलफूल बगैंचा स्थापना सहयोग | संख्या | १० | ०.० | ० | ९ | २१ | ३०.० |
| २ | मुख्य राजमार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम | संख्या | २ | ० | ० | ६.० | ०.० | ६.० |
| ३ | कफी खेति विस्तार कार्यक्रम | संख्या | ५ | ० | ० | ०.० | १२.५ | १२.५ |
| ४ | गडयौली मल उत्पादन तथा प्राङ्गारीक मल सुधार कार्यक्रम | संख्या | १० | ० | ५.०० | ०.० | ०.० | ५.० |
| ५ | महिला दलित विपन्न तथा पिछाडिएको समुदाय लक्षित कार्यक्रम | संख्या | १० | ० | ० | ५.० | ५.० | १०.० |
| ६ | युवा लक्षित च्याउ मह तरकारी उत्पादन कार्यक्रम | पटक | ४० | ० | ०.०० | २० | २० | ४०.० |
| ७ | मागमा आधारित कार्यक्रम | हेक्टर | २० | ० | ५.० | १०.० | ५ | २०.० |

महेश कुमार चौधरी

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | चिया गुणस्तरीय हरियो पत्ति उत्पादनका आधारमा अनुदान | संख्या | १ | ० | ० | ३ | ० | ३.० |
| ९ | इन्जिनियर संग परामर्श सेवा | संख्या | १ | ० | १.२ | ० | ० | १.२ |
| १० | छनौट भएका अनुदानग्राहीको क्षमता अभिवृद्धी तथा कार्यक्रम संचालन प्रकृया सम्बन्धी अभिमुखीकरण गोष्ठी | संख्या | २ | ० | १ | ० | ० | १.० |
| ११ | जिल्ला समन्वय समितिको समन्वयमा स्थानीय तह प्रमुख र प्रदेश सभासदस्यहरु सँग बार्षिक कार्यक्रम सार्वजनिकिरण गोष्ठी | संख्या | १ | १ | ० | ० | ० | १.० |
| १२ | स्थलगत घुम्ती कृषक तालिम | संख्या | १० | ४ | २ | २ | २ | १.० |
| १३ | खाद्यान्न तरकारी फलफूल उत्पादन प्रर्दशन | संख्या | १० | ०.२ | ०.४ | ०.४ | ० | ५.० |
| १४ | माटो परिक्षण शिविर संचालन | संख्या | २ | ० | १ | ० | ० | १.० |
| १५ | स्थानीय बजारमा कृषि बस्तुको पाक्षिक खुद्रा मुल्य संकलन | संख्या | २४ | ०.०६ | ०.६० | ०.६० | ०.६० | ०.१ |
| १६ | सुन्तलाजात बगैचाको ह्रास तथा रोग कीरा ब्यवस्थापन कार्यक्रम | संख्या | ५ | ० | ५ | ० | ० | ५.० |
| १७ | विभिन्न वालीहरुको उत्पादन लागत अध्ययन | पटक | १५ | ०.५ | ०.५ | ०.५ | ०.० | ०.३ |
| १८ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | हेक्टर | ३ | ०.० | ०.० | ९.० | ०.० | ९.० |
| १९ | जैविक विषादी उत्पादन प्रर्वद्धन कार्यक्रम | संख्या | २ | ०.७५ | ०.७५ | ० | ० | १.५ |
| २० | अधुवा उत्पादन प्रवर्द्धन कार्यक्रम | संख्या | २ | ० | ७ | ७ | ० | १४.० |
| २१ | विषादि रहित खाना सम्वन्धि सचेतनाका लागि आमा समूह परिचालन | संख्या | ३ | ०.३ | ०.० | ०.० | ०.० | ०.३ |
| २२ | वाली तथा पशुपंक्षी वीमा सम्बन्धी सरोकारवालहरुसँग समन्वय बैठक | संख्या | १ | ०.० | ०.५ | | ०.० | ०.५ |
| २३ | स्थानिय तहमा कार्यरत प्राविधिक सँग मासिक समन्वय तथा तथ्याङ्क अद्यावधिक बैठक | संख्या | ४ | ०.५ | ०.५ | ०.५ | ०.५ | २.० |
| २४ | कृषि प्राविधिक/कृषक सहजकर्ताहरु मार्फत कृषक पाठशाला कार्यक्रम संचालन | संख्या | १ | ० | १ | ० | ० | १.४ |
| २५ | विभिन्न स्थानहरुमा प्लान्ट क्लिनिक संचालन | संख्या | २ | १ | ० | ० | १ | १.० |
| २६ | वार्षिक प्रगति प्रतिवेदन तथा तथ्याङ्क पुस्तिका प्रकाशन | पटक | १ | १ | ० | ० | ० | ०.८ |
| २७ | आकस्मिक प्रकोपमा सहयोग | संख्या | १ | २ | ० | ० | ० | १.५ |
| २८ | मुख्य मुख्यवालीहरुको क्रप कटिङ्ग | संख्या | १०० | ०.०२५ | ०.०२५ | ०.०२५ | ०.०२५ | ०.५ |
| २९ | एफ एम रेडियो मार्फत सूचना प्रवाह | संख्या | ४ | १ | १ | १ | १ | १.० |
| ३० | मकै उत्पादकत्व प्रवर्द्धन कार्यक्रम | हेक्टर | १५० | ० | ७.५० | १५ | ० | २२.५ |

महेश कुमार चौधरी
निमित्त प्रमुख

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३१ | अलैंचि उत्पादक, व्यवसायि तथा अलैंचि व्यवसायि महासंघसंग अलैंची गुणस्तर तथा बजारिकरण सम्वन्धि अन्तरकृया कार्यक्रम | संख्या | १ | ०.७५ | ० | ० | ० | ०.७५ |
| | जम्मा | | | | | | | १९८.८२ |
| | **तलव इन्धन र कार्यालय संचालमा एकमुस्ठ** | | | | | | | १४७.१९ |
| | क) पूँजीगत खर्च कार्यक्रमको जम्मा: | | | | | | | १० |
| | **प्रदेश कृषि बिकास कार्यक्रम को कुल बजेट** | | | | | | | ३५६.०१ |
| ३२ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना ब्लक बिकास कार्यक्रम किवी ब्लक | संख्या | १ | | | | | १५ |
| | **कुल जम्मा बजेट** | | | | | | | ३७१.०१ |

## प्रस्ताव आह्वान सम्बन्धि सुचना।

**प्रथम पटक प्रकाशित मिति २०८०/०६/१४**

कृषि ज्ञान केन्द्र, पाँचथरको चालु आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "कृषि ब्यवसाय प्रवर्द्धन अनुदान नियमावली २०७८", बमोजिमका शर्तहरु पालना गरि तपशिलका कार्यक्रम कार्यन्वयनका लागि पाँचथर जिल्ला भित्रका ईच्छुक कृषक/कृषक समुह/कृषि सहकारी संस्था/ कृषि उद्यमी/ कृषि फर्महरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (२०८०/०६/२९ गते सम्म) तोकिएको ढाँचामा कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघि आएका प्रस्तावहरु दर्ता गरिने छैन । थप जानकारीका लागि यस कार्यालयको फोन नं. ०२४५२२१३०/ ९८५२६८१४६८/ ९८५२६८२४६८ मा कार्यालय समय भित्र सम्पर्क राख्नु हुन वा यस कार्यालयको वेभसाइट panchthar.akc.gov.np बाट कार्यक्रम कार्यन्वयन सम्बन्धि ऐन, नियमावली र मापदण्ड डाउनलोड गरि थप जानकारी लिन सक्नु हुनेछ ।

**कार्यक्रमको बिवरण**

| क.सं. | कार्यक्रमको नाम | कार्यक्रम लक्ष्य | उपलब्ध हुन सक्ने अधिकतम अनुदान प्रतिशत प्रति कार्यक्रम | प्रस्ताव पेश गर्न सक्ने साझेदार | कैफियत |
|---|---|---|---|---|---|
| १ | व्यावसायिक फलफूल बगैंचा स्थापना सहयोग | १० | लागतको अधिकतम ७५% बढीमा ३ लाख | कृषक समुह/ कृषि सहकारी/निजि उद्यमि फर्महरु | पाँचथर जिल्ला भरी |
| २ | मुख्य राजमार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम | २ | लागतको अधिकतम ७५% बढीमा ३ लाख | कृषक समुह/ कृषि सहकारी | फिदिम न.पा. र हिलिहाङ्ग गा.पा. |
| ३ | कफी खेति विस्तार कार्यक्रम | ५ | लागतको अधिकतम ७५% बढीमा २.५ लाख | कृषक समुह/ कृषि सहकारी/निजि उद्यमि फर्महरु | पाँचथर जिल्ला भरी |

महेश कुमार चौधरी

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | गडयौली मल उत्पादन तथा प्राङ्गारीक मल सुधार कार्यक्रम (भकारो सुधार) | १ | लागतको अधिकतम ७५% बढीमा ५ लाख | कृषक समुह/ कृषि सहकारी (२० जनाको क्लस्टर हुनु पर्ने) | पाँचथर जिल्ला भरी |
| ५ | महिला दलित विपन्न तथा पिछडिएको समुदाय लक्षित कार्यक्रम | १० | लागतको अधिकतम ७५% बढीमा १ लाख | महिला दलित विपन्न तथा पिछडिएको समुदाय | पाँचथर जिल्ला भरी |
| ६ | युवा लक्षित च्याउ मह तरकारी उत्पादन कार्यक्रम | ४० | लागतको अधिकतम ७५% बढीमा १ लाख | १८ वर्ष देखि ५० वर्ष सम्मका बिदेशबाट फर्केका वा बिदेश जान लागेका स्थानिय बेरोजगार युवाहरु | पाँचथर जिल्ला भरी |
| ७ | मागमा आधारित कार्यक्रम | २० | लागतको अधिकतम ७५% बढीमा १ लाख | कृषक समुह/ कृषि सहकरी/निजि उद्यमि फर्म तथा ब्यक्तिहरु | पाँचथर जिल्ला भरी |
| ८ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | ३ | लागतको अधिकतम ७५% बढीमा ३ लाख | कृषक समुह/ कृषि सहकरी | पाँचथर जिल्ला भरी |
| ९ | मकै उत्पादकत्व प्रवर्द्धन कार्यक्रम | १५० | लागतको अधिकतम ७५% बढीमा २.२५ लाख | कृषक समुह/ कृषि सहकरी | पाँचथर जिल्ला भरी |

<u>निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु</u>

१. रु.१० को हुलाक टिकट टाँस गरि तोकिएको ढाँचा अनुसूची २ बमोजिम आवेदन र प्रस्तावना।
२. संस्थागत (समूह, सहकारी, फर्म, समिति आदि) ले प्रति आवेदन रु. २०० र व्यक्तिगत कृषकको हकमा प्रति आवेदन रु. १०० को भौचर नेपाल बैक लि. को खाता नं. २७००२०००००१००१००००००१, राजस्व शिर्षक नं. १४२२९, कार्यालय कोड ३१२०१०२०११ मा आवेदन दस्तुर बापत जम्मा गरि सोको सकल भौचर पेश गर्नु पर्नेछ।
३. सम्बन्धित कृषक समुह/संस्था/फर्म को दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि।
४. समुह/संस्थाको PAN वा VAT प्रमाणपत्रको प्रतिलिपी र गत आ.व. २०७९/८० को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी।
५. कृषि सहकारी/निजि उद्यमी/कम्पनिको हकमा गत आ.व. २०७९/८० को लेखा परिक्षण प्रतिबेदनको प्रमाणित प्रतिलिपी ।
६. स्थानिय तहको कृषि विकास शाखाको सिफारिस।
७. कार्यक्रमसंचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने जग्गा धनी पुर्जा र जग्गाधनीको नागरीकता वा भाडाको जग्गा खेति भएमा ५ वर्ष र स्थाई संरचनाको लागि कम्तिमा १० वर्षको सम्झौतानामा।
८. निवेदकको नागरीकता वा परिचय खुल्ने प्रमाणपत्र र बैठक निर्णयको प्रतिलिपि ।
९. आवेदकले दोहोरो पर्ने गरि यसै कार्यका लागी अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वःघोषणा पत्र।
१०. प्राविधिक ज्ञान तथा अनुभव भए त्यसको प्रमाण पत्रको प्रतिलिपि।

*नोटः- थप जानकारीका लागी कृषि ज्ञान केन्द्र पाँचथरको सम्पर्क नं. ०२४५२२१३०/९८५२६८२४६८ वा कार्यालयको वेभसाइट panchthar.akc.gov.np बाट आवश्यक फारमहरु र कार्यबिधि डाउनलोड गरी हेर्न सकिनेछ साथै आवेदकले बिगत ३ वर्षमा बिभिन्न सरकारी निकाय/ कार्यालयहरु र अन्य आयोजनाबाट ५ लाख वा सो भन्दा बढी अनुदान प्राप्त गरेको देखिएमा आवेदकहरुको प्रस्तावना आवेदन दर्ता नहुने समेत जानकारी गराइन्छ ।*

# ब्यवसायीक कृषि उत्पादन केन्द्र (ब्लक) बिकास कार्यक्रम माग गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित सूचना मितिः-२०८०/०६/१४

कृषि ज्ञान केन्द्र पाँचथरको चा.लु. आ.व.२०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत पाँचथर जिल्लामा तपसिलका वाली/बस्तुहरुमा नयाँ ब्लक बिकास कार्यक्रम "प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजान कार्यन्वयन म्यानुअल -२०७७" बमोजिम संचालन गर्न क्षेत्र निर्धारण गर्नु पर्ने भएकोले बिगत बर्षहरुमा कुनै पनि ब्लक बिकास कार्यक्म संचालन नभएका स्थानिय तहका इच्छुक कृषक समुह/ कृषि सहकारी/ जल तथा वन उपभोक्ता समिति कृषि फर्म वा कम्पनिहरुले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन २०८०/०६/२९ गते सम्म कार्यालय समय भित्र तोकिएको ढाँचा अनुसूची ६ अनुसार ब्लक बिकास कार्यक्रम माग आवेदन फारम र अनुसूची ७ अनुसारको बिवरण भरी तपसिल अनुसार कागजातहरु संलग्न गरी कृषि ज्ञान केन्द्र पाँचथरमा आवेदन दर्ता गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ । यो सूचना रित नपुगि वा म्याद नाघि आएका आवेदन हरु दर्ता हुने छैन ।

संचालन हुने ब्लक बिकास कार्यक्रमः-

| सि.नं. | वाली | इकाई | परिमाण | क्षेत्रफल |
|---|---|---|---|---|
| १ | किवी | संख्या | १ | ७० हेक्टर (१४०० रोपनि) |

<u>निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु</u>

१. रु.१० को हुलाक टिकट टाँस गरि तोकिएको ढाँचा अनुसूची ६ बमोजिम आवेदन ।
२. अनुसूची ७ बमोजिम बिवरण
३. आवेदकको (अध्यक्ष वा प्रोप्राइटर) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।
४. प्रचलित कानुन अनुसार आधिकारीक निकायमा दर्ता भएका कृषि फर्म/कृषक समूह/ कृषि सहकारी/तथा जल वन उपभोक्ता समिति दर्ता प्रमाण पत्र, नविकरण भएका प्रमाण पत्रको प्रतिलिपी ।
५. स्थाई लेखा नं. PAN वा VAT प्रमाणपत्रको प्रतिलिपी ।
६. सम्बन्धित वडा कार्यालय र कृषि बिकास शाखाको सिफारिस पत्र ।
७. गत आ.व. २०७९/८० को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र लेखा परिक्षण प्रतिबेदन।
८. किवी ब्लक माग गर्ने संस्थाहरुको कार्य समितिको बैठक निर्णय प्रतिलिपी ।
९. जग्गा लाल पुर्जाको प्रतिलिपी र स्थानिय तहले सिफारिस गरेको जग्गा क्षेत्रफल सहितको बिवरण ।
१०. कार्यक्रमसंचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने जग्गा धनी पुर्जा र जग्गाधनीको नागरीकता वा भाडाको जग्गा खेति भएमा ५ वर्ष र स्थाई संरचनाको लागि कम्तिमा १० वर्षको करारनामा सम्झौता पत्र ।
११. सहकारी, फर्म, समिति आदि) ले प्रति आवेदन रु. २००।- को भौचर नेपाल बैक लि. को खाता नं. २७००२००००१००१००००१, राजस्व शिर्षक नं. १४२२९, कार्यालय कोड ३१२०१०२०११ मा आवेदन दस्तुर बापत जम्मा गरि सोको सकल भौचर पेश गर्नु पर्नेछ।

*नोटः- थप जानकारीका लागी कृषि ज्ञान केन्द्र पाँचथरको सम्पर्क नं. ०२४५२२१३०/९८५२६८२४६८ सम्पर्क गर्न सक्नु हुनेछ साथै प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको वेभसाइट pmamp.gov.np बाट "प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यन्वयन म्यानुअल २०७७" डाउनलोड गरी थप जानकारी सक्नु हुनेछ ।*

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र पाँचथर
कोशी प्रदेश, नेपाल

महेश कुमार चौधरी
निमित्त प्रमुख